म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १५४ आइतबार १ माघ २०७९ ने. सं. ११४३ पोहेलागा 15 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## खेलकुद महासंघले गऱ्यो हुप्रचौर सरसफाई

हेटौंडा, ३० पुस/नेकपा एकीकृत समाजवादी निकट नेपाल खेलकुद महासंघ समाजवादी जिल्ला कमिटी मकवानपुरले हेटौंडा-४ स्थित हुप्रचौर सरसफाई गरेको छ । महासंघले शनिबार हुप्रचौर सरसफाई गरेको हो । नेपाल खेलकुद महासंघ समाजवादीका केन्द्रीय सदस्य निरज सिंह ठकुरीले हुप्रचौर नियमित रुपमा खेल खेल्ने र व्यायाम गर्ने साझा ठाउँ भएपनि फोहोर भएकाले सरसफाई गरिएको बताए । चौर सरसफाईको क्रममा लागूऔषधका सिरिन्जहरु धेरै मात्रामा भेटिएको ठकुरीले बताए । चौर सरसफाईमा नेपाल खेलकुद महासंघ समाजवादीका केन्द्रीय सचिवालय सदस्य माधव तिमल्सिना, जिल्ला अध्यक्ष उमेश बुढाथोकी, जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्की लगायत हेटौंडा फुटबल एकेडेमी, मकवानपुर क्रिकेट क्लब, वडा प्रहरी कार्यालयका प्रहरी र खेलाडीहरुको सहभागिता रहेको थियो ।

# मुख्यमन्त्रीले विश्वासको मत लिएपछि मात्रै मन्त्रिपरिषद् विस्तार

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/ बागमती प्रदेशमा मुख्यमन्त्रीले विश्वासको मत लिएपछि मात्रै मन्त्रिपरिषद् विस्तार हुने भएको छ ।

माघ ३ गते मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले विश्वासको मत लिएपछि मात्रै प्रदेशमा मन्त्रिपरिषद् विस्तार हुने भएको हो । माघ ३ गते विश्वासको मत लिनको लागि मुख्यमन्त्री जम्मकट्टेलले प्रदेशसभालाई तयारी गर्न भनिसकेका छन् । प्रदेश संरचनाको पहिलो कार्यकालमा आन्तरिक मामिला तथा कानुन मन्त्री र आर्थिक मामिला तथा योजना मन्त्री बनेका जम्मकट्टेल पुस २५ गते प्रदेशको चौथो मुख्यमन्त्री बनेका थिए । गते जम्मकट्टेल प्रदेश संरचनाको दोस्रो कार्यकालको पहिलो र हालसम्मको चौथो मुख्यमन्त्री बनेका हुन् ।



१४ वटा मन्त्रालय रहेको बागमती प्रदेश सरकारमा हाल मुख्यमन्त्री जम्मकट्टेलसहित ३ सदस्यीय मन्त्रिपरिषद् छ । त्यसमा पनि एकजना मन्त्रि विना विभागिय अवस्थामा छन् । पुस २५ गते प्रदेशको चौथो मुख्यमन्त्रीमा नियुक्त भएका जम्मकट्टेलले २६ गते शपथ ग्रहणलगत्तै २ जना मन्त्रि नियुक्त गरेका थिए । उनले नेकपा एमाले संसदी दलका नेता जगन्नाथ थपलियालाई आर्थिक मामिला तथा योजना मन्त्री बनाएका थिए भने राप्रपाका संसदीय दलका नेता उद्धव थापा विना विभागीय मन्त्री बनेका थिए । प्रदेशमा रहेको अन्य १२ वटा मन्त्रालय मुख्यमन्त्री आफैले चलाइरहेका छन् । उनले आफूले विश्वासको मत लिएपछि मात्रै मन्त्रिपरिषद् विस्तार गर्ने जनाएका छन् ।

तर, प्रदेशमा मन्त्रालय घटाएर ९ वटा बनाउने तयारी हुँदै गर्दा सत्ता गठबन्धनका दलको दाबी भने १४ वटा पुगेको छ । मुख्यमन्त्री जम्कट्टेलले १४ बाट घटाएर कम्तीमा ९ र बढीमा ११ वटा मन्त्रालय बनाउने योजना बनाएका छन् । तर, सत्तारूढ दलभित्र मन्त्रीको दाबी गर्नेको संख्या बढेपछि भागबन्डा मिलाउन सकस हुने देखिन्छ । हालको अवस्थामा एमालेले ५, माओवादीले ४, राप्रपा र समाजवादीले २/२ र हाम्रो नेपाली पार्टीले १ गरी १४ मन्त्रालयमा दाबी गरेका छन् ।

विगतमा दलहरूको भागबन्डा पुऱ्याउन धेरै मन्त्रालय राखेर बढाएको खर्च कटौती गर्न मुख्यमन्त्रीले आफ्नो पहिलो निर्णय नै मन्त्रालय घटाउने गरिसकेका छन्, जसका लागि उनले समिति नै गठन गरेका छन् । समितिले १५ दिनभित्र प्रतिवेदन पेस गर्नेछ । त्यसैले मुख्यमन्त्री जम्कट्टेल दलहरूमा भागबन्डा मिलाउने तयारीमा छन् । उनले विश्वासको मत लिनुअघि नै भागवण्डा मिलाउने प्रयास गरिरहेका छन् । सत्तारूढ दलभित्र हाल मन्त्रीको आकांक्षी धेरै छन् । विश्वासको मत लिनु अगाडिसम्म भागबन्डाको सबै विषय टुंग्याउने मुख्यमन्त्रीको योजना छ ।

मुख्यमन्त्री जम्मकट्टेल भनेमन्त्रालय भागवण्डामा कुनै समस्या नभएको बताउँछन् । मुख्यमन्त्री जम्मकट्टेलले गठबन्धनमा मन्त्रालय संख्या घटाउने सहमति भएको भन्दै मन्त्रालय भागवण्डामा कुनै समस्या नभएको बताए । 'हामीबीच एउटा सहमति छ । मन्त्रालयको संख्या घटाउने भन्ने, जसमा हामी सबै अडिग छौं । त्यसैले मन्त्रालय भागवण्डा गर्दा कुनै विवाद हुँछ जस्तो मलाई लाग्दैन' जम्मकट्टेलले भने । उनले प्रदेशमा राज्यमन्त्रीको आवश्यकता नरहेको भन्दै राज्यमन्त्री नराख्ने बताए । उनले राज्यमन्त्री नराख्दा मात्रै पनि खर्च कटौती बताए । मन्त्रालय संख्या घटाएर चुस्त दुरुस्त सानो मन्त्रिमण्डल बनाउने आफ्नो योजना रहेको उनले सुनाए ।

तर, सरकारको एक मन्त्रीको अनुसार सरकारले हाल कायम रहेको ३ वटा मन्त्रालयलाई मात्रै घटाउने तयारी गरेको छ । १४ वटा मन्त्रालयलाई घटाएर ११ वटा मन्त्रालय कायम गर्ने तयारी गरिएको हो । निवर्तमान मुख्यमन्त्री राजेन्द्र पाण्डे नेतृत्वको सरकारले बनाएको १४ वटा मन्त्रालयलाई ११ वटामा झार्ने तयारी भइरहेको ती मन्त्रीले बताए ।

मुख्यमन्त्रीले सानो मन्त्रिमण्डल बनाउने भनेपनि सत्तारुढ गठबन्धनका दलहरुबीच भागवण्डा पुर्याउनुपर्ने भएकोले ३ वटा मन्त्रालय मात्रै घट्ने भएको हो । बजेट कम भएको सहकारी मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, उद्योग मन्त्रालय, संस्कृति तथा पर्यटन मन्त्रालय गाभिन सक्ने देखिन्छ ।

पदभार ग्रहण गरेलगतै मुख्यमन्त्री जम्मकट्टेलले प्रदेशमा मन्त्रालयको संख्या घटाउन कार्यदल गठन गरेका थिए । पाँच सदस्यीय कार्यदल बागमती प्रदेशका प्रमुख सचिव मुकुन्दप्रसाद निरौलाको संयोजकत्वमा गठन भएको छ । कार्यदलमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव, कानुन सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यलयका प्रशासन महाशाखा प्रमुखलगायत पाँच सदस्य रहेका छन् । कार्यदलले मन्त्रालयको काम र आवश्यकताको विषयमा अध्ययन गरेर १५ दिनभित्रमा प्रतिवेदन बुझाउनेछ । प्रतिवेदनको आधारमा मन्त्रालय कटौती गर्ने मुख्यमन्त्रीको तयारी छ ।

जम्मकट्टेल प्रदेशसभाको ५ दलको ७० सांसदको समर्थनमा मुख्यमन्त्री बनेका थिए । उनलाई नेकपा एमालेको २७, नेकपा माओवादी केन्द्रको २१, राप्रपाको १३, नेकपा एकिकृत समाजवादीको ७ र हाम्रो नेपाली पार्टीको २ सांसदको समर्थन छ । ११० सदस्यीय बागमती प्रदेशसभामा ३७ सिट रहेको नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी र ३ सिट रहेको नपाल मजदुर किसान पार्टी मात्रै प्रतिपक्षमा छ ।

जम्मकट्टेललाई विश्वासको मत पाउन समस्या छैन । केन्द्रमा प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको नेपाली कांग्रेसले प्रदेशमा जम्मकट्टेललाई पनि विश्वासको मत दिन सक्ने सांसदहरु बताउँछन् । त्यस्तो भएमा जम्मकट्टेलले संसदको १०७ जनाको विश्वास पाउनेछन् । तर,कांग्रेसले उनलाई विश्वासको मत नदिएको खण्डमा पनि उनलाई कुनै समस्या नहुने देखिन्छ ।

# आज माघे संक्रान्ती मनाइँदै

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/आज माघ १ गते अर्थात माघे संक्रान्ति । प्रत्येक वर्ष सौर मासअनुसार माघ महिनाको पहिलो दिन मनाइने माघे संक्रान्ति पर्व आज देशभर स्नान, जप, तप, ध्यान साधना, दान आदि गरी मनाइँदै छ ।

सूर्य धनु राशीबाट मकर राशीमा प्रवेश गर्ने भएकाले माघ १ गतेलाई मकर संक्रान्ति पनि भनिन्छ । माघे संक्रान्ति अर्थात् माघी पर्वको अवसरमा सरकारले आज देशभर सार्वजनिक विदा दिएको छ । माघ १ गतेदेखि उत्तरायण शुरु हुने भएकाले दिनभन्दा रात छोटा हुँदै जान्छन् । उत्तरायण शुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्य दायक मानिन्छ ।

यसैले आजको दिन देवघाट, त्रिशूली, कालीगण्डकी, वाग्मती, इन्द्रावती, त्रिवेणी, रिडी लगायतका स्थानमा माघ स्नान गर्न भक्तजनको भीड लाग्छ । यी ठाउँमा आज विशेष मेलासमेत लाग्ने गर्छ । तराईवासीले माघ १ गतेलाई नहान अर्थात् नुहाउने पर्वका रुपमा मनाउँछन् । बिहानै तीर्थस्थलमा गई स्नान गरेर तिल दान गर्नाले सुन दान गरे सरहको पुण्य प्राप्त हुने धार्मिक विश्वास छ ।

धर्मसिन्धुमा माघे संक्रान्तिको दिन घ्यू, चाकु, तिलका परिकार, खिचडी नखाने, दान नगर्ने, जलाशयमा गई स्नान नगर्ने, ध्यान नगर्ने व्यक्ति जीवनभर रोगी हुने उल्लेख गरिएको धर्म तथा सस्कृतिका जानकार रामचन्द्र आचार्य फुर्सदीले बताए ।

त्यसैले माघे संक्रान्तिको दिन घ्यु, चाकु, तिलका लयु, खिचडी, सखरखण्ड, तरुल लगायतका परिकार खाने चलन छ । यी परिकारले जाडोमा न्यानो प्रदान गर्ने भएकाले चिसो समयमा पर्ने पर्वमा ताता परिकार खाने गरिएको हो । आजका दिन शरीरमा तिलको तेलले मालिस गर्दा दूषित पदार्थ बाहिर निस्कन्छ भन्ने विश्वास छ । शरीरका नाडी, स्नायुमण्डल र हयीलाई तिलको तेल मालिसबाट सुदृढ र स्वस्थ राख्न सकिने आयुर्वेद शास्त्रीय मान्यता छ ।

माघे संक्रमन्तीमा घिउ, चाकु, तिलको लयु र तरुल खाएर मनाउने गरिन्छ । भविष्य पुराण, विष्णु वचन तथा धर्म सिन्धु नामक ग्रन्थमा यस दिन स्नान गरी घिउ, चाकु, तिलको लयु, सागपात, तरुल, वस्त्र, पानीको भाँडो र मकल सहितको सिदा दान गरेमा विशेष फल प्राप्त हुने र उक्त पदार्थ आफूले पनि खाएमा शरीर पोसिलो हुनुका साथै निरोगी हुने उल्लेख छ ।

संक्रान्तिमा शरीर शुद्ध गरी घिउ, चाकु र तिल तथा खिचडी खानाले शरीरमा गर्मीको मात्रा बढेर तागत दिने मान्यता छ । मास हाली पकाइएको तेल शरीरमा घस्दा चिसोबाट मुक्त भई शरीरका छालासम्बन्धी र अन्य रोग नाश हुने विश्वास गरिन्छ । महाभारत अनुसार भिष्मले यहि दिन मृत्यु रोजेका थिए भने भगिरथले सोही दिन गंगालाई पृथ्वीमा अवतरण गराई सागरमा मिलाएको धार्मिक विश्वास छ ।

मकवानपुरमा माघे संक्रान्तीमा महत्वका साथ खाइने तरुल र पिडालु बिक्री वितरणमा किसानहरु व्यस्त भएका छन् । मकवानपुरगढी गाउँपालिका, भीमफेदी गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, थाहा नगरपालिका, मनहरी गाउँपालिका, बकैयाँ गाउँपालिका लगायतका क्षेत्रमा उत्पादन गरिएको पिडालु र तरुल हेटौंडा बजारसहित विभिन्न जिल्लामा बिक्री भएको किसानहरु बताउँछन् ।

माघे संक्रान्तीमा तरुलको व्यवसाय राम्रो हुने मकवानपुरगढीका किसान शिव घिमिरे बताउँछन् । अन्य मौसममा खासै महत्व नपाउने तरुलको व्यवसाय माघे संक्रान्तीमा उच्च हुने उनको भनाई छ ।

# सुन्दर बचतको अध्यक्षमा पुन: नकर्मी



साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेड हेटौंडाको अध्यक्षमा पुन: शम्भु नकर्मी चयन भएका छन् ।

संस्थाको शनिबार भएको १४ औं साधारणसभाबाट नकर्मी सर्वसम्मत रुपमा पुन: अध्यक्षमा चयन भएका हुन् ।

समितिको उपाध्यक्षमा गोपालबहादुर थापा, सचिव सविन न्यौपाने, कोषाध्यक्ष दीपक देवकोटा तथा सदस्यहरुमा अर्जनु डंगोल, इन्द्रमोक्तान, प्रमिला सुवेदी, निर्मला सुवेदी, कुमार अधिकारी तथा विश्वनाथ ढकाल चयन भएका छन् ।

भेलाले ऋण समिति संयोजकमा पशुपति रिजाल र बुद्धिप्रसाद पौडेल तथा लेखा समितिमा एसीस रिजाल, सुनिता नकर्मी र शैलेन्द्र देवकोटालाई चयन गरेको छ ।

नकर्मीको अध्यक्षतामा भएको भेलामा सहकारी बोर्ड वाग्मती प्रदेश उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यता रहेको थियो । भेलामा जिल्ला समन्वय समिति सदस्य तारा ढुंगाना, हेटौंडा-२ अध्यक्ष विष्णुगोपाल महर्जन तथा ओम वृद्धाश्रम अध्यक्ष सिद्धीलाल श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो ।

## मामाघर नेपाललाई एक लाख सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/सडक बालकहरुको उद्धार, संरक्षण तथा अभिभाकत्व ग्रहण गर्दै आइरहेको मामाघर नेपाललाई कोरियामा बस्ने नेपालीले एक लाख रुपैयाँ सहयोग गरेका छन् ।

कोरियामा रहेका हेटौंडाका ईश्वर न्यौपाने, इश्वर कठायत र प्रशान्त बानियाँको समन्वयमा मामाघर नेपाललाई एक लाख रुपैयाँ सहयोग गरिएको हो । कोरियामा आयोजित फुटसल प्रतियोगितामा संकलित रकमबाट सहयोग गरिएको जनाइएको छ ।

विदामा हेटौंडा आइपुगेका ईश्वर न्यौपानेको नेतृत्वमा एक समूहले शुक्रबार हेटौंडा-११ स्थित मामाघर नेपालमै पुगेर सहयोग रकमको चेक हस्तान्तरण गरेका छन् । कोरियामा रहेका नेपालीले सहयोग गरेको यो तेस्रो पटक हो । मामाघर नेपालले हालसम्म दुईसय सय ३ जनाको उद्धार गरिसकेको छ ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर:**
९८४५०२७०६४/९८५५०६८०३८




**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बहुसांस्कृतिक माघे संक्रान्ति

आज माघे संक्रान्ति तथा माघी पर्व मनाइँदैछ । सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने भएकाले माघ १ गतेलाई मकर संक्रान्ति पनि भनिन्छ । यसै दिनबाट उत्तरायण सुरु हुने भएकाले दिनभन्दा रात छोटा हुँदै जान्छन् । हिन्दू धार्मिक महत्वका दृष्टिले प्रख्यात घाट, त्रिवेणी, नदी आदि स्थानहरुमा मकर नुहाउने, अनुष्ठान गर्ने र रमाइलो मेलाहरुको आयोजना हुँदै आएका छन् । यस पर्वलाई थारु समुदायले माघी भनेर मनाउँछन् र नयाँ वर्ष मान्ने गर्छन् । किराँत समुदायले पनि यसलाई नयाँ वर्षको रुपमा मनाउने गरेको पाइन्छ । तराईका बासिन्दाले माघ १ लाई नहान अर्थात् नुहाउने पर्वका रुपमा मनाउँछन् । हिमाल, पहाड तथा तराई सबैतिर माघे संक्रान्ति बाहुन, क्षेत्री, थारु, गुरुङ, मगर, राई, लिम्बु, नेवारलगायत सबैजसो समुदायका लागि आ-आफ्नै विशेष महत्वको छ । माघे संक्रान्तिको अवसरमा देशका बागमतीबाहेक सबै प्रदेशले सार्वजनिक विदा दिएका छन् भने कतिपय स्थानीय तहले पनि विदा दिएको छ ।

भूगोल, जाति, भाषा, संस्कृति आदि विविधताका कारण नेपालमा एकै दिन पर्ने पर्वलाई पनि विभिन्न क्षेत्र र समुदायले अलग-अलग नाम र ढंगले मनाउने गर्दछन्, जसको एउटा उदाहरण हो- माघे संक्रान्ति । देशको सबै भूभागका सबै जातजातिले माघे संक्रान्ति पर्व आ-आफ्ना परम्परा, भिन्नभिन्न विशेषता र प्रकृतिले मनाउने गर्दछन् । ज्योतिष शास्त्रअनुसार सौर तिथिको हिसाबले माघे संक्रान्तिदेखि सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गरी उत्तरायण हुने हुनाले यसलाई मकर संक्रान्ति पनि भनिएको हो । सामान्यतया सूर्यले सबै राशिलाई प्रभावित गरेता पनि सूर्यको कर्कट राशि (साउने संक्रान्ति) र मकर राशि (माघे संक्रान्ति) प्रवेशलाई धार्मिक दृष्टिले महत्वपूर्ण मानिन्छ । यो दिनदेखि सूर्य दक्षिणी गोलार्धबाट उत्तरी गोलार्धतर्फ प्रवेश गर्ने भएकोले दिन लामो र रात छोटो हुँदै जाने विश्वास गरिन्छ । भविष्यपुराण, विष्णुवचन तथा धर्मसिन्धु नामक ग्रन्थमा यस दिन स्नान गरी घ्यू, चाकु, तिलको लड्डु, सागपात, तरुल, वस्त्र, पानीको भाँडो र मकलसहितको सिदा दान गरेमा विशेष फल प्राप्त हुने र उक्त पदार्थ आफूले पनि खाएमा शरीर पोषिलो हुनुका साथै निरोगी भइने उल्लेख छ । माघे संक्रान्तिका अवसरमा प्रत्येक वर्ष मुलुकका विभिन्न स्थानहरुमा मकर संक्रान्ति मेला लाग्ने गरेको छ । यस दिन देवघाट, रिडी, बराहक्षेत्र, दोलालघाट, पनौतीलगायत विभिन्न त्रिवेणी, घाट, नदी, पोखरीमा मेला लाग्ने र माघ स्नान गर्ने भक्तजनको घुईंचो लाग्दछ । हेटौंडाको कुश्माण्डधाम त्रिवेणीमा माघ महिनाभर मकर स्नान मेला लाग्ने गर्दछ ।

माघे संक्रान्ति पर्व आम नेपाली जनजीवनका लागि बहुसांस्कृतिक सह-अस्तित्वको पहिचानका रुपमा विकास हुँदै आएको छ । त्यसैले यस्ता चाडपर्वको महत्व दिनप्रतिदिन बढ्दै गएको छ । विविधताले सम्पन्न सिंगो नेपाली संस्कृतिभित्र महत्वपूर्ण रहेको माघे संक्रान्ति अर्थात् माघी पर्वले सबै नेपालीमा उत्साह एवम् उमंग थपोस् र सबै नेपालीबीच शान्ति, एकता, सद्भाव र सहिष्णुता कायम गर्न सकोस् भन्ने शुभकामना ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ २ गते सोमबार १६ जनवरी २०२३ । नवमी माघ कृष्णपक्ष। पोहेलागा ११४३ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:३०। राष्ट्रिय भूकम्प सुरक्षा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ हुनेछ | तुला | : सहयोगी हातहरु बढ्नेछ |
| वृष | : परीक्षामा सफलता मिल्नेछ | वृश्चिक | : धर्मकर्ममा मन जानेछ |
| मिथुन | : पढाइमा रुचि बढ्नेछ | धनु | : नया मित्रसूग भेटघाट हुनेछ |
| कर्कट | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | मकर | : अधुरो काम बन्ने सम्भावना छ |
| सिंह | : शुभ समाचार मिल्नेछ | कुम्भ | : मित्रहरुबाट सहयोग हुनेछ |
| कन्या | : भाग्योदयको योग छ | मीन | : आफन्तबाट विरोध हुनेछ |

# प्रतिपक्ष गुमाएपछिको कांग्रेस



भुपेन्द्रजंग शाही

नेपालमा भर्खरै सम्पन्न निर्वाचनको ताजा परिणामले सबैलाई आश्चर्यचकित बनायो । त्योभन्दा बढी आश्चर्यचकित त नयाँ राजनीतिक समीकरणले बनायो । एकाएक १०/१५ वर्ष टिक्ने भनिएको गठबन्धन चकनाचूर भयो ।

एकअर्काका विरुद्ध विषवमन गरेका पुष्पकमल दाहाल 'प्रचण्ड' र केपी ओली रातारात मिले । यी सबै घटनाक्रमलाई पनि उछिनेर अर्को अनौठो राजनीतिक घटनाक्रम देख्न पाइयो- गठबन्धनलाई बीच बाटोमै चटक्कै छाड्दै विश्वासघात गरेर गएको माओवादीलाई कांग्रेसले विना औचित्य र कारण रहस्यमय ढंगले विश्वासको मत दिएको छ ।

यी दुई घटनाक्रम नियाल्दा मात्रै पनि वर्तमान नेपाली राजनीति कुन धरातलबाट अगाडि बढिरहेको छ प्रष्ट हुन्छ । विचार, सिद्धान्त, एजेण्डा र आदर्शलाई सत्ता र कुर्सीमा पुग्ने भऱ्याङ मात्रै बनाएर नैतिक धरातल गुमाएको हाम्रो राजनीतिले देशलाई कहाँ पुऱ्याउला ? लोकतन्त्र, परिवर्तन, समृद्धि र हाम्रो भविष्य कहाँ पुग्ला ? गम्भीर प्रश्न खडा भएको छ ।

निर्वाचन अगाडि नेपाली कांग्रेसमा गठबन्धन गर्ने कि नगर्ने भनेर निकै ठूलो विवाद भयो । माओवादीसँग एकातिर विचार, सिद्धान्त मिल्दैन, अर्कोतिर २०७४ को निर्वाचनमा कांग्रेससँगै सरकारमा भएको बेला माओवादीले धोका दिएर वाम गठबन्धन गरेको तितो इतिहास साक्षी छ । यही पृष्ठभूमिमा माओवादीसँग गठबन्धन गर्नुहुँदैन र नेपाली कांग्रेस एक्लै चुनाव लड्नुपर्छ भन्ने धेरैको मत थियो । तर देशभरिका नेता-कार्यकर्ताको भावनालाई लत्याएर जबर्जस्ती सत्ता स्वार्थको लागि गठबन्धन गरेर कांग्रेसलाई चुनावअगावै ९१ सिटमा खुम्च्याउने काम गरियो । जसको परिणाम दुईतिहाइ बहुमत ल्याउने भनिएको गठबन्धन सामान्य बहुमत ल्याउन पनि सफल भएन ।

जोरजाम गरेर भए पनि गठबन्धनको सरकार त बन्थ्यो तर नछुट्टिने कसम खाएर बनेको गठबन्धन प्रधानमन्त्री पहिला को बन्ने भन्ने कुर्सीको लडाइँले क्षणभरमै भताभुङ्ग भयो । वास्तवमा गठबन्धन गर्नु नै गलत थियो तर गरिसकेपछि यसलाई जुनसुकै मूल्यमा पनि जोगाउनुपर्थ्यो । नेपाली कांग्रेस पहिलो पार्टी भएकोले सरकारको नेतृत्व दाबी गर्नु अस्वाभाविक थिएन । तर प्रचण्डको चाहना र चरित्रलाई समयमै बुझेर प्रधानमन्त्री पद त्यागेर पनि गठबन्धन जोगाउनुपर्ने दायित्व र जिम्मेवारी ठूलो पार्टी हुनुको नाताले कांग्रेसको नै थियो । वस्तुगत परिस्थितिको सही विश्लेषण नगरी कांग्रेसको केन्द्रीय कार्य सम्पादन समितिले गरेको निर्णयले आज कांग्रेसको हातमा आएको सत्ता भुईंमा खसेको लड्डु साबित भएको छ ।

यस्तो अवस्था किन आयो ? के कारणले आयो ? यसमा को को दोषी छन् इतिहासले समीक्षा गर्ला । जुनसुकै कारणले भए पनि गठबन्धन टुटेपछि नेपाली कांग्रेस सत्ताबाट बाहिर त पऱ्यो नै । यसको फाइदा-घाटा कांग्रेसले व्यहोर्नुपर्छ नै । तर सबैभन्दा चिन्ताको विषय राजनीतिले लिएको गलत बाटो हो ।

सत्ता र शक्तिको लागि जे पनि गर्न सक्ने, मूल्यमान्यता, नैतिकतालाई तिलाञ्जली दिने, छिनछिनमा रङ फेर्ने, आफ्नो स्वार्थको लागि जतिखेर जे पनि गर्दिने नेताहरूको तिकडमबाजीपूर्ण अवसरवादी फोहोरी राजनीतिले कांग्रेसलाई मात्रै होइन लोकतान्त्रिक मान्यता, नैतिक मूल्य र सिङ्गो राष्ट्रलाई नै कमजोर बनाउन सक्छ । प्रचण्डलगायत नेताहरूको सत्तामुखी प्रवृत्ति नै आज नैतिकच्यूत राजनीतिक संस्कृति बन्दै गएको छ ।

प्रचण्डले साम्यवादको सपना बाँडेर देशलाई युद्धमा होमे । सँगसँगै युद्धमोर्चामा होमिएका मोहन वैद्य र विप्लव लगायतका नेताहरूले उनको साथ छोडिसकेका छन् । उनी देशलाई स्विट्जरल्याण्ड बनाउँछु भनेर राजनीतिमा आए तर देश श्रीलंकाको बाटोमा जाँदैछ ।

२०७३ मा एमालेले प्रधानमन्त्री नदिएपछि कांग्रेससँग आएका प्रचण्डलाई कांग्रेसले प्रधानमन्त्री बनायो तर २०७४ को निर्वाचनमा कांग्रेसलाई धोका दिएर वाम गठबन्धनतिर लागे । वाम गठबन्धन र केपी ओलीबाट पुन: धोका खाएर पनि प्रधानमन्त्री बन्न नपाएपछि एमाले छोडेर कांग्रेसतिर आए ।

अहिलेको निर्वाचनमा कांग्रेससँग गठबन्धन गरेर चुनाव जिते तर निर्वाचनको परिणाम सेलाउन नपाउँदै आफ्नै प्रतिबद्धता विपरीत कुर्सीको लागि प्रतिगमनका नाइके भनेर घोषणा गरेका ओलीसँग सहकार्य गर्न पुगे । चुनाव अघि उनी लामो समय कांग्रेससँग गठबन्धन जारी रहने भाषण गर्थे ।

उनले भन्दै आएको प्रतिगमन कतिखेर सच्चियो ? कहाँनेर सच्चियो ? या प्रचण्ड आफैं प्रतिगमनको मतियार बने ? गम्भीर प्रश्न खडा भएको छ । यसैगरी अर्को विडम्बना के छ भने प्रचण्डले जसलाई प्रतिगामी भने प्रतिगामी भैहाल्ने, अनि उनले जतिखेर अब प्रतिगामी होइन भने चोखिइहाल्ने हो र ? उनले भनेपछि हिजो राप्रपा व्यवस्था विरोधी हुने तर आज राप्रपासँगै गठजोड गर्ने ? यो कस्तो भाष्य निर्माण गर्न खोजिँदैछ ? के प्रचण्डको बोली नै कानुन, महावाणी र वरदान हो ?

त्यसैले प्रचण्ड नेतृत्वको अहिलेको सरकार सिद्धान्तहीन र स्वार्थै स्वार्थले भरिएको अप्राकृतिक ढंगले निर्माण भएको छ । यस्तो सरकारलाई खबरदारी गर्नुको साथै उल्टै विना औचित्य विश्वासको मत किन दियो, गम्भीर प्रश्न खडा भएको छ । अहिलेको सरकार हिजोको पाँचदलीय गठबन्धनले संविधानविरोधी भनेर चित्रण गरिएका केपी ओलीको मुख्य प्रस्तावमा बनेको सरकार हो । यहाँ राजा फर्काउन चाहनेदेखि संघीयता मन नपराउने शक्तिसम्म छन् ।

ओली अझै संसद विघटन ठिक थियो भनेर संसदमा हुँकार गरिरहेका छन् । यस्तो गठबन्धनको प्रधानमन्त्रीलाई कांग्रेसले कसरी समर्थन गर्न सक्छ ? यो सरकार र नेतृत्वलाई कांग्रेसले विश्वास गर्नुको कारण के हो ? अब हिजो हामीले प्रतिगमनविरोधी आन्दोलन गर्नुको औचित्य कसरी पुष्टि गर्न सक्छौं ? ओलीको संरक्षकत्वमा बनेको सरकारलाई कुन नैतिकताले समर्थन गरेको ?

विश्वासघात गर्ने शक्तिलाई विश्वासको मत किन दिएको ? कांग्रेस नेतृत्वले जवाफ दिन सक्नुपर्छ । संसदीय लोकतन्त्रमा प्रमुख प्रतिपक्षी दलको भूमिका के हो ? आफूलाई लोकतान्त्रिक दलको रूपमा ब्रान्डिङ गरेको कांग्रेसले संसारलाई कसरी जवाफ दिन्छ ? विश्वासको मत पाउने अवस्थामा कांग्रेसले प्रतिपक्षी भूमिका छोडेर प्रचण्डलाई असाधारण बहुमत दिनुको अर्थ र औचित्य के हो ? यो एकप्रकारले कांग्रेसले सत्ताको अगाडि शिर झुकाउनु र लोकतान्त्रिक मूल्यमान्यताको अवमूल्यन गर्नु हो । कांग्रेसको यो कदम न लोकतान्त्रिक मूल्यमान्यता अनुकूल छ न त आम कांग्रेसी कार्यकर्ताको भावना अनुकूल ।

विश्वासघात गर्नेलाई विश्वासको मत दिनु लाचारी र आत्मसमर्पण जस्तै हो । केही व्यक्तिहरूको निहित सत्तास्वार्थको लागि कांग्रेसको इतिहास समाप्त पार्न खोज्ने यो फोहोरी राजनीति खेदजनक छ । वर्तमानमा कांग्रेसले सरकारतिर फर्किएर च्याल चुहाउने भन्दा पनि गाउँतिर फर्किएर जनताको सुखदु:खमा साथ दिन गाउँकेन्द्रित अभियान घोषणा गर्नुपर्ने हो । संगठनलाई गतिशील बनाएर पार्टीका विभिन्न निकायको पूर्णता, गठन र भ्रातृ संस्थाको तत्काल विस्तार गरेर नयाँ ऊर्जाका साथ अगाडि बढ्नुपर्ने हो ।

नयाँ परिस्थितिले कांग्रेसलाई सशक्त प्रतिपक्षको भूमिकामा बस्न भनेको छ । सरकारलाई सशक्त खबरदारी गर्ने, जनजीविकाको सवालमा खरो ढंगले उत्रने, जनताका सवालहरूलाई संसदमा सुनिने गरी उठाउने, भ्रष्टाचार विरुद्ध अभियान चलाउने, देशको आर्थिक अवस्था सुधारको लागि पहलकदमी लिने, युवाहरूलाई रोजगारीमा जोड्न सार्थक प्रयास गर्नु नै अहिले नेपाली कांग्रेसको मुख्य कार्यभार भयो ।

समयले सुम्पिएको नयाँ कार्यभार भुलेर सत्ताको फोहोरी खेलमा लाग्नु, कुर्सीको लागि च्याँखे दाउ थाप्ने, राजकीय सत्ता गुमेको पश्चात्तापमा च्याल चुहाउने र केही पदहरूको लागि भीख माग्दै हिंड्ने कुराले नेपाली कांग्रेसको नैतिक धरातललाई कहाँ पुऱ्याउँछ ? यो लोकतन्त्रका लागि चिन्तारत शक्तिका लागि अत्यधिक चिन्ताको विषय हो ।

तर बहुमतको बलमा देश र पार्टीको हितलाई बेवास्ता गरेर अधिकांश पार्टी सदस्यको भावनाविपरीत निर्णय लाद्ने कुराले केही नेतालाई त तत्काल आत्मरति मिल्ला तर लाखौं कांग्रेस कार्यकर्ता र हजारौं शुभेच्छुकहरूलाई कति चोट पुऱ्याउँछ ? यो पीडा कसले बुझिदिने ?

पहिलो पार्टी बनेर पनि सत्ता त हातबाट गुम्यो गुम्यो, अहिले आएर अब प्रतिपक्षको नैतिक बल पनि कांग्रेसले गुमाउने परिस्थिति खडा भएको छ । विना कारण कांग्रेसले सरकारलाई विश्वासको मत दिइसकेपछि अब कांग्रेसले प्रतिपक्ष भूमिका पनि गुमायो र सत्ता पक्षको बेन्चमा पुग्यो भनेर कांग्रेसमाथि प्रश्न तेर्सिएका छन् ।

सरकारलाई विश्वासको मत दिनु भनेको यो सरकार ठिक छ भनेर पक्ष लिनु हो । प्रतिपक्ष भनेको सरकारप्रति हाम्रो विश्वास छैन भनेर खबरदारी गर्ने नैतिक शक्ति प्राप्त गर्नु हो । तर यहाँ हास्यास्पद रूपमा यो सरकार ठिक छ भनेर विश्वासको मत जाहेर गरिसकेपछि अब कुन नैतिक आधारमा प्रतिपक्ष भन्न मिल्छ ? यस्ता अनेकौं नैतिक प्रश्न खडा भएका छन् ।

राजनीतिमा सत्ता मात्रै सबै कुरा होइन । विचार, सिद्धान्त र नैतिक बल पनि आफैंमा एउटा शक्ति हो । नैतिक धरातलमा उभिएर सरकारका गलत क्रियाकलापका विरुद्ध भण्डाफोर गर्दै प्रतिपक्ष दल अगाडि बढ्ने हो भने नयाँ ऊर्जा, नयाँ शक्ति आफैं निर्माण हुन्छ ।

नैतिक जगमा उभिएको प्रतिपक्ष भयो भने जस्तोसुकै बलियो सरकार पनि झुक्न बाध्य हुन्छ । तर जब प्रतिपक्षले नै नैतिक बल गुमायो भने उसले कसरी भ्रष्टाचार, कुरीति, अन्याय, ढिलासुस्ती र कुशासनका विरुद्ध सशक्त आवाज उठाउन सक्छ ? यसर्थ, नैतिक धरातल गुमाएको राजनीति लोकतन्त्र, मुलुक र जनताको लागि नै घातक सिद्ध हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# नयाँ प्रधानमन्त्रीको अन्तर्राष्ट्रिय जिम्मेवारी

सृष्टि राणा

सन् १९९६ मा माओवादी 'जनयुद्ध' सँगै सुरु भएको लामो राजनीतिक संक्रमणकालको उल्लेख्य असर नेपालको अन्तर्राष्ट्रिय सम्बन्धमा देखिन थालेको छ । कुनै पनि सशस्त्र द्वन्द्वपछि लोकतान्त्रिक निर्वाचन चार पटकसम्म शान्तिपूर्ण रूपमा सम्पन्न भयो भने त्यसलाई 'टिकाउ शान्ति प्रक्रिया' मानिन्छ ।

नेपालमा सन् २००५ मा शान्ति प्रक्रियाको सुरुआतपछि चारवटा निर्वाचन (संविधानसभाका दुईसहित) सफलतापूर्वक भइसकेका छन् । यस सन्दर्भले आमूल राजनीतिक परिवर्तनको नारा बोकेको माओवादी सशस्त्र आन्दोलनसँगै थालनी भएको संक्रमणकाल अन्त्य भएको इंगित गर्छ । यो नयाँ राजनीतिक चरणमा भर्खरै विश्वासको मत पाएर प्रधानमन्त्री सुनिश्चित भएका पुष्पकमल दाहालको प्रमुख जिम्मेवारी हो– कमजोर अन्तर्राष्ट्रिय सम्बन्ध सुधार गर्नु । वर्तमान विश्वपरिस्थितिमा अन्तर्राष्ट्रिय सम्बन्ध सुधार नभएसम्म हाम्रो नेपालको आर्थिक समृद्धि सम्भव छैन ।

नेपालको बिग्रँदो अन्तर्राष्ट्रिय सम्बन्धका संकेतहरू सजिलै भेट्न सकिन्छ । जस्तै, नेपालको पासपोर्ट विश्वको सातौं कमजोर मा पर्छ । कमजोर पासपोर्ट भएका देशहरूमा भयानक युद्ध चलिरहेका इराक, अफगानिस्तान, सिरिया लगायत पर्छन् । यो सूची भिसाप्राप्तिको सहजताका आधारमा बनाउने गरिन्छ, जुन प्राय: अन्तर्राष्ट्रिय सम्बन्धका आधारमा निर्धारण हुन्छ ।

केही दशकअघिसम्म नेपालीले भिसा अरू दक्षिण एसियाली देशका नागरिक, विशेष गरेर भारतीयहरूले जस्तै सहजै पाउँथे । कतिपय देशमा त हाम्रो बढी बलियो कूटनीतिक सम्बन्ध भएकाले भिसा पाउन भारतीयलाई भन्दा नेपालीलाई सजिलो थियो । तर अहिले भारतीयहरूलाई थुप्रै देशमा भिसा खुकुलो बनाइएको छ भने नेपालीहरूलाई झनै कसिलो तुल्याइएको छ । भारतमा नेपालको जनसंख्याभन्दा बढी, करोडौं मानिस अहिले पनि चरम गरिबीमा छन् । त्यो वास्तविकता हेर्दा भारतीयहरूलाई भिसा पाउन नेपालीलाई भन्दा गाह्रो हुनुपर्ने हो, तर पछिल्लो समय भारतले परराष्ट्र सम्बन्धमा गरेको अभूतपूर्व विकासका कारण नेपाल र भारतले पाउने अन्तर्राष्ट्रिय व्यवहारमा उल्लेख्य अन्तर आएको छ ।

भारतले अन्तर्राष्ट्रिय सम्बन्धलाई कति महत्त्व दिएको छ, नरेन्द्र मोदीले पहिलो पटक प्रधानमन्त्री हुँदा गरेका विदेश भ्रमणहरूबाट बुझ्न सकिन्छ । पहिलो कार्यकालमा उनले ४९ चोटि विदेश भ्रमण गरे । पहिलो कार्यकालमा उनी प्राय: विदेशमै हुने भएकाले प्रतिपक्षीहरूले 'मोदी जब भारत भ्रमणमा आउनुहुन्छ, तब...' भन्दै कटाक्ष गर्थे । तर मोदीजस्ता चलाख र अनुभवी नेताले २१ औं शताब्दीको विश्वमा बलियो अन्तर्राष्ट्रिय सम्बन्ध नै भारतको आर्थिक समृद्धिको आधार हो भन्ने बेलैमा बुझेका थिए ।

यही कुरा नेपालमा पनि लागू हुनुपर्ने हो, तर हामीकहाँ अरू देशमा जस्तै अन्तर्राष्ट्रिय सम्बन्ध मूल नेतृत्वको प्राथमिक एजेन्डामा पर्न सकेको छैन । त्यसले गर्दा २१ औं शताब्दीको पहिलो दशकमा भारत, चीनजस्ता समृद्धिको लक्ष्य बोकेका देशहरू अन्तर्राष्ट्रिय सम्बन्ध मजबुत पार्ने दौडमा कुदे भने नेपालले चाहिँ भएको कूटनीतिक सम्बन्धमा पनि हेलचेक्र्याइँ गर्न थाल्यो । एकपछि अर्को दूतावास वा भिसा विभाग उठ्दासमेत तिनलाई रोक्न नेपाल सरकारबाट ठोस पहल भएन । नयाँ अन्तर्राष्ट्रिय मञ्च वा विषयहरूमा नेपालको दरिलो आवाज/विचार नै सुनिएन । परिणामस्वरूप आज हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध तुलनात्मक रूपमा अरू देशहरूभन्दा निकै कमजोर भएको छ ।

नेपालका सन्दर्भमा अन्तर्राष्ट्रिय सम्बन्धको एउटा पक्ष विदेशी सहायता हो । यसमा पनि नेपालको अवस्था खस्किने क्रममा छ । विदेशी सहायताको कुरा गर्दा हामीले पक्कै आलोचनात्मक दृष्टिकोण राख्नुपर्छ, तर सबै विदेशी सहायतालाई एउटै टोकरीमा राखेर बुझ्न सकिँदैन । केही सहायता दाताहरूका सुरक्षा वा व्यापार स्वार्थसँग जोडिएका हुन्छन् भने केहीचाहिँ नेपालजस्तो कमजोर अर्थतन्त्रलाई सहयोग गर्नु सबल अर्थतन्त्र भएका देशहरूको कर्तव्य हो भन्ने सामाजिक न्याय र मानवताको भावनाबाट परिचालित भएका हुन्छन् । दोस्रो किसिमको विदेशी सहयोगलाई रणनीतिक हिसाबमा प्रयोग गर्ने हो भने नेपालको विकासमा योगदान हुन सक्छ । दाता देशहरूसँग नेपालको कूटनीतिक सम्बन्ध कसिलो बनाउने माध्यम पनि बन्न सक्छ यो ।

तर नेपालमा विदेशी सहायता किन लिने, कससँग लिने, कस्तो लिने, लिएर कसरी राष्ट्रिय हित सुनिश्चित गर्ने भन्नेबारे सार्थक विश्लेषण हुन नसक्दा अन्तर्राष्ट्रिय सम्बन्धको संवेदनशीलता खलबलिएको छ । हामीले एकातिर लिनुपर्नेसँग सहयोग लिन सकेका छैनौं, अर्कातिर लिनु नपर्ने थुप्रै सहयोग भित्र्याइरहेका छौं । फेरि, विदेशीहरूसँग सहयोग पनि लिन्छौं र उनीहरूलाई दोष पनि दिन्छौं । कतिपय विदेशी सहायता लिँदा त सरकारै ढल्ने र द्वन्द्व नै उत्पन्न हुने अवस्थामा नेपाल पुगेको छ । एमसीसी परियोजना अनुमोदन प्रक्रिया यसको पछिल्लो उदाहरण हो । त्यसैले, धेरै दाताको नेपालसँग गुनासो छ । सहयोग पनि गर्नु छ, गाली पनि खानु छ भन्ने उनीहरूलाई लाग्छ । यसले गर्दा अन्तर्राष्ट्रिय समुदायमा नेपालप्रति र हने गरेको सद्भाव भत्किँदै गएको छ । हामीलाई कुनै विदेशी सहायता चाहिँदैन भने सम्बन्धित देशहरूलाई समयमै प्रस्ट भनिदिनुपर्छ । चाहिन्छ भने, त्यससँग जोडिएको आपसी सम्बन्धको संवेदनशीलतालाई कायम राख्नुपर्छ । पीपलपाते व्यवहार गर्नु हुन्न ।

नेपालको अर्थतन्त्र सबल नभएसम्म केही वर्षसम्म विदेशी सहायता चाहिन्छ नै, त्यसैले नयाँ प्रधानमन्त्रीले विदेशी सहायताबारे नयाँ रणनीति बनाउन तुरुन्तै पहल गर्नुपर्छ । किनभने नेपालप्रति अहिले अन्तर्राष्ट्रिय समुदायको ध्यान घटेको छ । युक्रेन युद्धले गर्दा पश्चिमी मुलुकहरूको अर्थतन्त्र समस्याग्रस्त छ । अहिले युरोपेलीहरू 'इटिङ' कि 'हिटिङ' अर्थात् महँगीले गर्दा खानामा खर्च गर्ने कि कठ्यांग्रिने जाडोमा तातो रोज्ने भन्ने अवस्थामा पुगेका छन् । उनीहरू आउने विश्व आर्थिक मन्दीको तयारी गर्दै छन् । यस्तोमा ऊनीहरूको ध्यान युक्रेन र अन्य केही अफ्रिकी मुलुकमा मात्र छ । त्यसैले आउने दिनहरूमा नेपाललाई पश्चिमी मुलुकहरूको सहयोग कम हुने सम्भावना छ ।

यसमा जापान र दक्षिण कोरियाजस्ता देशहरू पनि जोडिन्छन् किनभने उनीहरूको अर्थतन्त्र पश्चिमाहरूसँग जोडिएको छ । भारत र चीनमा आफ्नै असीम गरिबी भएकाले कुनै निश्चित स्वार्थबिना नेपालमा सहयोग आउन मुस्किल छ । ब्राजिल, रुसजस्ता अरू देशबाट पनि कुनै अर्थपूर्ण सहायता अपेक्षा गर्ने आधार छैन । अहिलेको जटिल आर्थिक अवस्थामा अन्तर्राष्ट्रिय सम्बन्ध बलियो र परिणाममुखी बनाउन प्रधानमन्त्रीको नेतृत्व सक्षम भयो भने मात्र विदेशी सहायता घट्न पाउँदैन ।

यस सन्दर्भमा भुटानजस्तो हामीभन्दा सानो देशको उदाहरणबाट पनि सिक्न सक्छौं । कोभिड महामारीमा भुटानले विभिन्न सान्दर्भिक अन्तर्राष्ट्रिय सम्बन्ध प्रयोग गरेर आफूलाई चाहिने खोप हासिल गऱ्यो । त्यो खोप आफूलाई बढी भएपछि नेपाललाई दिन सक्यो, अप्ठ्यारो परेका बेला । विगतमा नेपालसँग निकै राम्रो सम्बन्ध भएका केही देशले समेत त्यस्तो खोप नेपाललाई नदिई भुटानलाई दिए । त्यो किनभने, भुटानले ती देशहरूसँगको सम्बन्धलाई प्राथमिकतामा राखेको थियो । भुटान (९० औं) को पासपोर्ट नेपाल (१०३ औं) को भन्दा शक्तिशाली हुनुले पनि उसको अन्तर्राष्ट्रिय हैसियत प्रस्ट हुन्छ ।

अन्तर्राष्ट्रिय मामिला र आर्थिक विकासकै अन्तरसम्बन्धको कुरा गर्ने हो भने, आजको विश्वमा विकासका लागि नेपाललाई अरू देशसँग राम्रो व्यापारिक सम्बन्ध र विदेशी लगानी चाहिन्छ । लगानी /व्यापारमा नेपालले भन्दा धेरै नाफा दिलाउन सक्ने कैयौं अरू देश छन् । त्यसैले 'हामी विदेशी लगानी भित्र्याउँछौं,' 'हामी राम्रो व्यापारिक सम्बन्ध राख्छौं' भनेर मात्र पुग्दैन । हो, यहीं छ राम्रो अन्तर्राष्ट्रिय सम्बन्धको मुख्य उपादेयता । जसरी दुई देशबीच सम्बन्ध नराम्रो हुँदा व्यापारिक सम्बन्ध राम्रो हुँदैन, त्यसरी नै दुई देशबीच सम्बन्ध राम्रो हुँदा व्यापारिक सम्बन्ध राम्रो हुन्छ । लोकतन्त्रप्रति कटिबद्ध युरोपका केही देशलाई नेपालको शान्ति प्रक्रिया र लोकतन्त्रमा भएका प्रगतिहरूबारे जानकारी गराएर रणनीतिक हिसाबमा उनीहरूसँग सम्बन्ध विस्तार गर्ने हो भने उनीहरूले नेपालको आर्थिक विकासका लागि अवश्य लगानी गर्ने थिए ।

अहिले युरोपका केही देशमा श्रमको अभाव छ । ब्रेक्जिटपछि बेलायतमा गैरयुरोपेलीहरूका लागि रोजगारीको अवसर खुलेको छ । नर्सका लागि झैं अन्य क्षेत्रमा पनि नेपाली श्रमिक पठाउन समझदारी गर्न सकिन्छ । अरू केही युरोपेली मुलुकमा समेत स्वास्थ्य, शिक्षाजस्ता क्षेत्रमा श्रमको अभाव छ । नेपालको श्रमशक्तिलाई युरोपमा पठाउन सके उनीहरूले आफ्नो श्रमिक हक सुनिश्चित हुने काम पाउने थिए ।

हुन त भविष्यमा नेपालले श्रम निर्यात होइन, आयात गर्ने देश हुने लक्ष्य राख्नुपर्छ तर अहिलेको अवस्थामा लाखौं नेपाली आधारभूत श्रमिक हकबिना, उचित काम गर्ने व्यवस्था नहुँदा पनि, विभिन्न देशमा काम गर्न बाध्य छन् । यस्ता नेपालीहरूलाई सरकारको पहलमा युरोप पठाउन सकियो भने उनीहरूको जीवनस्तर राम्रो हुने थियो । युरोपमा अवसरको प्रसंग त मैले आफ्नो सीमित व्यक्तिगत अनुभवका आधारमा मात्र उठाएकी हुँह आजको विश्वमा यस्ता अवसर प्रचुर मात्रामा निस्किरहेका छन्, जसबाट नेपालले कमजोर अन्तर्राष्ट्रिय सम्बन्धका कारण फाइदा उठाउन सकिरहेको छैन ।

बाँकी पृष्ठ-३ मा...

# विश्वासको 'ओभरलोड'ले बिथोलिएका प्रधानमन्त्री

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भूमिगत नाम 'विश्वास' पनि थियो । तेस्रोपल्ट प्रधानमन्त्री बनेका उनलाई २६ पुसमा अभूतपूर्व रुपमा संसदमा मिलेको विश्वासको मतले विस्तारै थिच्दै लगेको प्रष्ट भएको छ ।

शनिबार सरकारी निवास बालुवाटारमा केही मिडिया सम्पादकहरुसँग सवा घन्टा छलफलमा बस्दा उनीभित्र त्यसैको प्रतिच्छाया देख्न सकिन्थ्यो । अस्तिसम्म उनले एमाले र केही साझेदारलाई सुने पुग्थ्यो । अब भने कांग्रेस, लोसपा लगायतप्रति समेत दायित्वको ओभर लोड थपिएको छ ।

'ओलीजी र मैले सरकार बनाउने सहमति गरेपछि कांग्रेस स्वत: प्रमुख प्रतिपक्ष बन्छ भन्ने कल्पना गरिएको थियो र त्यो एकदमै स्वभाविक सोचाइ थियो । तर कांग्रेस पनि मलाई विश्वासको मत दिने लाइनमा आइसकेपछि अब उसप्रति मेरो पनि दायित्व हुने भयो,' प्रधानमन्त्री प्रचण्डले भने, 'माघ तीन गते सर्वदलीय बैठकमा मैले कांग्रेससहित मलाई विश्वास गर्ने दलहरुसँग राष्ट्रपति, सभामुख लगायत महत्वपूर्ण पदहरुमा के कसो गर्दा उपयुक्त हुन्छ भन्नेबारे छलफल गर्छु ।'

उनले संसदमा तेस्रो शक्ति भइकन एकातिर एमालेको साथ पाउनु, अर्कातिर कांग्रेसले पनि साथ दिनुलाई बिजुलीको हाइटेन्सनमा



राखिएका दुईवटा तारहरुसँग तुलना गरेका छन् । त्यस्ता नांगा तारहरु, जसमा अरु बेला माथिल्लो तार समातेर तल्लो तारमा टेक्दै हिँड्न मजै आउँछ । तर इमर्जेन्सी करेन्ट प्रवाह गरिएका बेला या हाइ भोल्टमा परेका बेला जे पनि हुन सक्छ ।'

प्रचण्डले शनिबार बिहान पनि एमाले अध्यक्ष केपी ओलीसँग छलफल गरेका छन् । उनका अनुसार त्यो छलफल मन्त्रिपरिषद् विस्तारमा केन्द्रित थियो । उनले दुई शीर्ष सत्ता साझेदारबीचको सहमति टुंगो नजिकै पुगेको जानकारी दिए ।

उसो भए प्रचण्डले ओलीसँग राष्ट्रपति र सभामुख एमालेले पाउने भनी १० पुसमा गरेको सहमति अब खण्डित हुन लागेको हो त ? प्रचण्डले हाँस्दै 'त्यस्तो टिप्पणी गरेर माहोल नबिगारिदिन' अनुरोध गरे । एमाले अध्यक्ष ओलीले दुई दिनअघि एउटा भिडियोमा भनेका थिए, 'एमालेको प्रस्तावमात्रै होइन, प्रयास समेतमा प्रचण्डजी प्रधानमन्त्री बन्नुभएको हो । यो कुरा ध्यान दिनुपर्छ ।'

हामीसँगको कुराकानीका क्रममा कताकति प्रचण्डले सत्ताका मुख्य हिस्सेदार ओलीलाई घुमाउरो किसिमले जवाफ दिन खोजेको प्रतित हुन्छ । 'विश्वासको मत प्रकरण' पछि प्रचण्डले आफ्नो सरकारमाथि ओलीको एकाधिकार सक्दो खुकुल्याउन कोशिस गर्दै गरेका सूचना मिलेका छन् । यसअघिको सहमति अनुसार राष्ट्रपति र सभामुख एमालेले पाउने निर्णय भएको थियो । तर अब प्रचण्ड उच्च संवैधानिक पदमा आफू अनुकुल पात्रको खोजीमा सक्रिय भएको स्रोतहरु बताउँछन् ।

शनिबार बिहान कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव नेपालसँग गरेको भेटलाई त्यसैको उदाहरणका रुपमा हेरिएको छ । 'सबैलाई अनुकुल हुने पात्रको खोजी स्वभाविक हो,' प्रधानमन्त्री निकट स्रोतले भन्यो, 'एमालेकै नेता आउनुभयो भने पनि पात्र को हो भन्नेमा प्रधानमन्त्रीज्यूको चासो हुन्छ ।'

प्रचण्डले हिजोआज आफूलाई राष्ट्रिय सहमतिको प्रधानमन्त्री भन्ने वाक्यांशमा जोड दिने गरेका छन् । अबका अरु नियुक्तिहरुमा पनि राष्ट्रिय सहमतिकै भावना प्रतिनिधित्व हुने उनको भनाइका अनेक अर्थ लगाउन थालिएको छ । एमालेबाहेकका अन्यथा पात्र अघि सर्ने अवस्था उत्पन्न भएमा एमाले र माओवादी केन्द्रबीचको विश्वास फेरि भत्कन सक्ने छ । आगामी दुई वर्षसम्म संसदमा दाहालविरुद्ध कसैले अविश्वास प्रस्ताव ल्याउन नपाउने भए पनि मुख्य सत्ता साझेदारले हात झिकेको अवस्थामा उनले पुन: विश्वासको मत लिनुपर्ने अवस्था उत्पन्न हुन सक्छ ।

'त्यसैले अहिले मलाई धेरै बोल्न नलगाउनुहोस्, बरु न्यूनतम साझा कार्यक्रममा लेखिएका कुराले नै मेरो भावना प्रतिनिधित्व गर्छन् भन्ने ठान्नुहोस्,' प्रधानमन्त्री प्रचण्डले भने, 'मैले त्यसैमा आधारित भएर सुशासन, डेलिभरी लगायत कोशिस गर्छु । हरेक दिन सिंहदरबार जान्छु ।'

# मनकामना दुग्ध सहकारीको साढे १६ करोड बढीकारोबार

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/ मकवानपुरगढी गाउँपालिका वडा नम्बर ३ मक्रान्चुलीमा रहेको जिल्लाकै उत्कृष्ट दुग्ध सहकारीहरुमध्ये एक मनकामना दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको ३५ औं वार्षिक साधारणसभा भएको छ ।

सहकारीले गत आर्थिक वर्ष २०७८/०७९ मा १६ करोड ६३ लाख ७३ हजार ९६ रुपैयाँ कारोबार गरेको साधारणसभामा प्रस्तुत आर्थिक प्रतिवेदनमा उल्लेख छ । अध्यक्ष अर्जुन प्रसाद दाहालले संस्थाकोतर्फबाट अध्यक्षको प्रतिवेदन र लेखा समिति संयोजक भोलानाथ दाहालले लेखासमितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

सहकारीले ३५ लाख ३८ हजार ५ सय ८८ रुपैयाँ खुद नाफा कमाएको छ । १ वर्षमा दूध तथा दुग्ध पदार्थको मात्र कारोबार ९ करोड ७१ लाख ७५ हजार ३ सय २० रुपैयाँको रहेको छ । पशु आहार तथा खाद्यान्न, उपभोक्ता पसल, बचत तथा ऋणबाट समेत शेयर सदस्यहरुलाई सेवा दिइरहेको संस्थाकी व्यवस्थापक शशी लम्सालले



जानकारी दिइन् ।

साधारणसभाकै अवसरमा सबैभन्दा धेरै दुध बिक्री गर्ने ३ जनानरेन्द्र लम्साल, अर्जुन प्रसाद दाहाल र सुभद्रा बजगाईलाई पुरस्कृत गरेको छ । असली ऋणिमा भीम कुमारी न्यौपाने र पशुआहार तर्फ असली कारोबारमा मुकुन्द दाहाललाई पुरस्कार सहित सम्मान गरेको छ ।

कार्यक्रममा मकवानपुर गढी गाउँपालिकाको निवर्तमान अध्यक्ष एवम् केन्द्रीय दुग्ध सहकारी संघको सदस्यमा नवनिर्वाचित बिदुर हुमागाई, जिल्ला दुग्ध सहकारी संघ मकवानपुरका नवनिर्वाचित अध्यक्ष हरि प्रसाद कँडेल र सदस्य जनक रेग्मीलाई सम्मान गरिएको छ ।

संस्थाका अध्यक्ष अर्जुन प्रसाद दाहालको सभाध्यक्षता तथा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा मकवानपुर गढी गाउँपालिका अध्यक्ष दोर्जेलामा स्याङ्तान, राष्ट्रिय सहकारी महासंघका संचालक सदस्य एवम् बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायण प्रसाद देवकोटा र गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाखिन (नेपाली) लगायतको आतिथ्यता रहेको थियो ।

सहकारीले हाल दैनिक ४३ सय लिटर दूध संकलन गरिरहेको छ । सहकारीले आफ्नै दुग्ध प्रशोधन तथा विविधिकरण उद्योग स्थापना गरेको छ । हाल उद्योगबाट नौनी, घ्यु, पनिर, खुवा, छुर्पी लगायतका दूधजन्य परिकारका् उत्पादन गरी बिक्री गरिरहेको संस्थाका अध्यक्ष दाहालले बताए ।

# नयाँ प्रधानमन्त्रीको...

हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध कमजोर हुनुका थुप्रै कारकमध्ये प्रमुख हो– देशको नेतृत्वले २१ औं शताब्दीमा अन्तर्राष्ट्रिय सम्बन्धको महत्त्व नबुझ्नु ।

डिजिटल अन्तर्राष्ट्रिय सम्बन्धका सन्दर्भमा नेपालजस्ता 'ग्लोबल साउथ' का देशहरूलाई पहिलेभन्दा बढी नयाँ सम्भावनाका ढोकाहरू खुलेका छन् । एकातिर अमेरिका, चीन, भारत लगायतमा पुरानै शैलीको शक्ति-प्रतिस्पर्धा छँदै छ, अर्कातिर विश्वका पिछडिएका जनसंख्याको आवाजको सुनुवाइ, विश्वपुँजीको पुनर्वितरण, विश्व/सामाजिक न्यायजस्ता मान्यताहरू पनि स्थापित हुँदै छन् । तर बदलिँदो अन्तर्राष्ट्रिय सन्दर्भको यो गतिलाई समात्न नसक्दा हामी विश्वमा निकै पछाडि परिरहेका छौं ।

त्यसैले नयाँ प्रधानमन्त्रीको सबैभन्दा प्रमुख जिम्मेवारी भनेको नेपालको आर्थिक समृद्धि सुनिश्चित हुने गरी अन्तर्राष्ट्रिय सम्बन्धमा सबलीकरण गर्नु हो । यसमा नीतिगत र परराष्ट्र मन्त्रालय सम्बन्धी संरचनात्मक सबलीकरणका विषयहरू त छँदै छन्, यसका साथै नयाँ प्रधानमन्त्रीले गर्नुपर्ने महत्त्वपूर्ण सुधार हो– नेपालको हित जोडिएका मुलुकहरूमा रणनीतिक हिसाबले राजनीतिक तहमा सम्बन्ध विस्तार, जुन अहिले शून्यप्राय: छ । यसका लागि सबैभन्दा पहिले २१ औं शताब्दीमा विश्वमा नेपालको कस्तो पहिचान बनाउने, नेपालको के कथा सुनाउने भन्नेमा राष्ट्रिय सहमतिको आवश्यकता छ ।

सगरमाथा भएको र बुद्ध जन्मेको देशको छवि पुरानो भइसक्यो । गोरखाली राज्यको कथामा पनि नयाँपन हराइसक्यो । तर विश्वलाई भन्नलायक केही नयाँ कथाहरू भने बनेका छन् । नेपालको शान्ति प्रक्रिया विश्वमै उदाहरणीय छ ।

नेपालको लोकतान्त्रिक संघर्षको यात्रा पनि विश्वलाई रोमाञ्चक लाग्न सक्छ । हामीले व्यवस्थापन गरेका विविधताका केही सिकाइ सम्पन्न देशहरूका लागि पनि प्रेरणादायी छन् । संवेदनशील भूगोल भएकाले, सगरमाथाको प्रतीक देखाएर नेपालले विश्वमञ्चमा वातावरणको मुद्दा सबैभन्दा आकर्षक ढंगले उठाउन सक्छ ।

वातावरणमैत्री जीवनशैली– जसको आन्दोलनले विश्वमा गति समात्न थालेको छ – त हाम्रो मौलिक सभ्यता हो र यसको इतिहासबारे विश्वलाई बुझाउन सकिन्छ ।

सहिष्णु र सम्पन्न आध्यात्मिक धरोहरबाट प्राप्त हाम्रा बहुमूल्य मान्यताहरूको चर्चा गरेर नेपालले भौतिक प्रतिस्पर्धामा एकोहोरो दौडिरहेको विश्वलाई खुसीको वैकल्पिक बाटो देखाउने देशको परिचय कोर्न सक्छ । बढ्दो मानसिक समस्याले प्रताडित विश्वमा बुद्धले सिकाएको अन्तर्मनको शान्तिको हिमायती देशको चिनारी नेपालले बनाउन सक्छ ।

यस्तै नयाँ युगको सन्दर्भ अनुसार नयाँ पहिचान र नेपालको नयाँ संकथन (न्यारेटिभ) बनाउन जरुरी छ ताकि विश्वसमुदाय नेपालप्रति आकर्षित होओस्, नेपालीहरूलाई सम्मान गरोस् । अहिले प्रधानमन्त्री अन्तर्राष्ट्रिय सम्बन्ध सुधार गर्न चुके भने, यसको आर्थिक घाटा त छँदै छ, विश्वमा नेपालीहरूप्रति बाँकी रहेको सद्भाव र सम्मान पनि गुम्न सक्नेछ ।

*(साभार: ई-कान्तिपुर)*

# ज्येष्ठ नागरिकको सम्मान र हेरचाह आवश्यक: प्रदेश प्रमुख शर्मा

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/ बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले ज्येष्ठ नागरिक दिव्य सेवा निकेतन आश्रयस्थलको प्रसंशा गर्दै ज्येष्ठ नागरिकहरुलाई सम्मान र हेरचाहको आवश्यकता रहेका बताएका छन् ।

शर्माले ज्येष्ठ नागरिक अनुभव तथा ज्ञानको खानी भएकाले उनीहरुलाई सम्मान गर्नुपर्ने बताए । हेटौंडा-१५, स्थित दिव्य सेवा निकेतन ज्येष्ठ नागरिक आश्रयस्थलको सातौं वार्षिक साधारणसभामा प्रमुख अतिथिका रुपमा सम्बोधन गर्दै प्रदेश प्रमुख शर्माले उमेरले पाका नागरिकले समाजका लागि आफ्ना ज्ञान बाँड्ने भएकाले उनीहरुको सम्मान तथा विशेष हेरचाह गर्नु आवश्यक रहेको बताए ।

दिव्यसेवा निकेतन ज्येष्ठ नागरिक आश्रम पाका नागरिकको सेवामा समर्पित भएकोप्रति प्रमुख शर्माले प्रसंशा गर्दै बधाई समेत दिए । कार्यक्रममा आश्रमका अभिभावक एवं पूर्वसांसद केदारप्रसाद न्यौपाने, बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, मकवानपुरका जिल्ला न्यायाधीश ऋषिराम निरौला, नारायणी यातायात व्यवसायी संघका पूर्वअध्यक्ष बद्रीप्रसाद चौलागाई, सामाजिक अभियन्ता यादव गजुरेल, ज्येष्ठ नागरिक संघ मकवानपुरका अध्यक्ष हरिप्रसाद सिग्देल, गैर सरकारी संस्था महासंघका बागमती प्रदेश समिति उपाध्यक्ष कमलकुमार विश्वकर्मा, ज्येष्ठ नागरिक दिव्य सेवा निकेतन आश्रयस्थलका केन्द्रीय अध्यक्ष तेजराज निरौलालगायतले धारणा व्यक्त गरेका छन् ।

# एभोकाडोद्वारा बालगृहमा खाद्यान्न सहयोग

हेटौंडा, ३० पुस/ एभोकाडो एण्ड अर्चिड रिसोर्टका संचालक भागिरथ शर्मा खरेलले हाम्रो घर बालगृहमा खाद्यान्न सहयोग गरेका छन् ।

शनिबार हेटौंडा-५ मा रहेको हाम्रो घर बालगृहमा पुगेर रिसोर्टका संचालक शर्माले खाद्यान्न सहयोग गरेका हुन् । कार्यक्रममा रोटरी क्लब अफ मकवानपुरले समन्वय गरेको थियो । माघे सक्रान्तिको अवसर पारेर खाद्यान्न सहयोग गरिएको रोटरी मकवानपुरका अध्यक्ष कृष्ण बहादुर कार्कीले बताए । बालगृहलाई चामल, तेल अण्डा, चिउरा, दाल, मासु, मसला लगायतका खाद्यान्न सहयोग गरिएको थियो । एक सय १० जना बालबालिका संरक्षण गरिसकेको बालगृहमा हाल ३२ जना बालबालिका संरक्षित रहेको बालगृहका संचालक इन्दिरा डल्लाकोटीले जानकारी दिईन् ।

सहयोग कार्यक्रममा एभोकाडो एण्ड अर्चिड रिसोर्टका संचालक भागिरथ शर्मा खरेल, रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष कृष्ण बहादुर कार्की, संस्थापक अध्यक्ष ज्ञानकृष्ण प्रजापति, पुर्व अध्यक्ष कविन साङ्गामी, विजयलाल श्रेष्ठ, रोटर्याक्ट क्लब अफ मकवानपुरका अध्यक्ष प्रदिप कुमार राई लगायतको उपस्थिती रहेको थियो ।

# 'एभरेष्ट बेसक्याम्प जाने मन छ'-साम्राज्ञी

काठमाडौं/अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहले विद्यालय उमेरमा अधिकांश समय होस्टलमै बिताइन् । होस्टलको चौघेरामा बस्नुपर्ने बाध्यताले घुम्ने अवसर कमैमात्र जुर्यो । फिल्म 'ड्रिम्स'बाट अभिनयमा पाइला चालेपछि मात्र साम्राज्ञीले नेपाल दिल खोलेर घुम्न पाइन । मनाङ र मुस्ताङबाट घुम्न सुरु भएको उनको यात्राले पहाड र तराई पनि छिचोलिसकेको छ ।

**एभरेष्ट बेसक्याम्प चाहना**

साम्राज्ञी फिल्मकै सुटिङका लागि मनाङ, मुस्ताङ, पोखरा, तिलिचो ताललगायतका स्थानमा पुगिसकेकी छन् । 'मलाई अब एभरेष्ट बेसक्याम्प जाने मन छ । फिल्मको कामबाट फुर्सद पाउनासाथ जाने सोच बनाएकी छु । विश्वकै अग्लो स्थान भएकाले पनि त्यहाँ जीवनमा एकपटक पुग्न मन छ', उनी भन्छिन्, 'म नेपालमै जन्मेर त्यहाँ पुगेको छैन । तर त्यहाँ पुग्नकै लागि विश्वबाट मान्छे आउँछन् । सायद उनीहरू आएको देखेर पनि हो कि मलाई त्यहाँ जाने लोभ एकदमै छ ।'

**विदेशमा इटाली र ग्रीस**

साम्राज्ञीले विदेशको हकमा जापान, लण्डन, अष्ट्रेलिया



र फिलिपिन्स घुमिसकेकी छन् । शुक्रबारबाट हलमा प्रदर्शनरत फिल्म 'तिम्रो मेरो साथ' को प्रिमियरका लागि उनी अमेरिका जाने तयारीमा छिन् । यसबाहेक अमेरिकामै हुन लागेको नेफ्टा अवार्डमा पनि उनी उपस्थिति जनाउँदैछिन् ।

साम्राज्ञीलाई इटाली र ग्रीस एकदमै जान मन लागेको देश हो । 'ग्रीस इतिहासले गर्दा घुम्न जान मन लागेको ठाउँ हो । ग्रीसको इतिहासका बारेमा स्कुल र कलेजमा पढेकी छु । त्यसबारे थप अध्ययन गर्न पनि मलाई त्यहाँ पुग्न मन छ', साम्राज्ञी खुल्छिन्, 'इटाली चाहिँ आफैंमा कलरफूल देश हो । यो देश ब्राइट, रोमान्टिक र फिल्मी शैलीको लाग्छ । त्यसकारण यहाँ पनि पुग्ने मन छ ।'

**फेरिएको जीवनशैली**

घुमन्ते बानीले आफ्नो जीवनमा केही परिवर्तन आएको अनुभव साम्राज्ञीमा छ । दिमागमा कुनै कुरा नराखी घुम्नाले पनि आफू समाज र स्थानीयसँग घुलमिल भएको उनको दाबी छ । 'म केही सीमा निर्धारण नगरी घुम्छु । किनकी सीमा निर्धारण गर्दा नयाँ कुरा हेर्न पाइदैन । त्यसकारण खुला दिमागले घुम्न रुचाउँछु' उनी भन्छिन्, 'घुम्दा धेरै कुरा सिक्न पाइदो रहेछ । 'ए यस्तो पनि हुन्छ ?' भन्ने धेरै कुरा देख्न पाएकी छु । मैले खानेकुरामा परिवर्तन पाएकी छु । फरक फरक स्थानका खानाले स्वाद पनि फेरिदिएको छ । मैले पहिलो पटक मुस्ताङमा सिस्नो खाएको थिएँ । त्यहाँको होटलको दिदीले दुधमा हालेर सिस्नो दिनुभएको थियो । घुम्दाको अर्को फाइदा भनेको स्थानीयको बोली र व्यवहारलाई नजिकबाट बुझ्नु पनि हो '

**भीडमा जादिनँ**

फिल्मको सुटिङ हेर्न भीड नलाग्ने कुरै हुँदैन । त्यो भीडले साम्राज्ञीको घुम्ने कामलाई अवरोध गरेको छैन । 'फिल्म सुटिङबाहेकको भीडमा म जादिनँ । गएको अवस्थामा पनि नचिन्ने गरी स्कार्फ, टोपी लगाएर अलग्गै बस्छु । कसैले मलाई चिन्नु भएर फोटो खिच्न अनुरोध गर्नुभयो भने त्यसमा स्वीकृति दिन्छु', उनी भन्छिन् ।

साम्राज्ञीले बाल्यकालमा केही समय भाई र साथीसँग घुम्ने अवसर पाइन् । अहिले उनको भाई अध्ययनरत रहेकाले घुमाईको कारण भाईको पढाईमा अवरोध नहोस् भन्ने उनको चाहना छ । सोहीकारण अहिले फुर्सदमा उनी साथीभाईसँग घुम्न निस्किन्छिन् ।

# रिहापछि पलले 'ओ सजन' गर्ने, हिरोइनमा कविता



काठमाडौं/बाल यौन दुरूपयोगमा नवलपुर अदालतले २ वर्ष ६ महिनाको जेल सजाय सुनाएपछि तनहुँ जिल्ला कारागारमा सजाय काटिरहेका लोकप्रिय मोडल तथा अभिनेता पल शाहले रिहा भएपछि फिल्म 'ओ सजन'बाट कमब्याक गर्ने भएका छन् । शिवम् अधिकारीको लेखन तथा निर्देशनमा बन्न लागेको फिल्मको निर्माणका लागि शुक्रबार चलचित्र विकास बोर्डबाट इजाजतपत्र लिइएको छ ।

फिल्ममा पलको अपोजिटमा मोडल कविता राय रहनेछिन् । उनीहरुले यसअघि 'ओ सजन' बोलको थारु गीतमा काम गरिसकेका छन् । गीतझैं फिल्म पनि थारु समुदायको कथामा निर्माण हुन लागेको हो । पलले यो फिल्म कानुनी झमेलामा फस्नुअघि नै सम्झौता गरेका थिए । करिब चार दिन अगाडि निर्देशक अधिकारी तनहुँ कारागार पुगेर पललाई भेटेपछि बोर्डमा फिल्म दर्ता गरिएको हो ।

शिवमले भने, 'पलजी फिल्ममा काम गर्न सकारात्मक हुनुहुन्छ । स्क्रिप्ट लेखन पनि लगभग अन्तिम चरणमा पुगेको छ । उहाँ रिहा भएपछि छायांकन सुरु गर्नेछौं ।

त्यसबेलासम्म हामी प्रि-प्रोडक्सनको काम सकेर तयारी अवस्थामा रहनेछौं ।' १ करोडको लागतमा निर्माण हुन लागेको फिल्ममा नरेश योगीको गीत रचना रहनेछ । कविताको कम्पनी राया फिल्मस्ले 'ओ सजन'को निर्माण गर्नेछ ।

पटक-पटक स्थगित हुँदै आएको पलविरुद्धको जबरजस्ती करणीको मुद्दाको सुनुवाइ आगामी माघ ३ गते तनहुँ जिल्ला अदालतमा हुँदैछ । तनहुँ अदालतले सफाइ दिने वा कैद सजाए तोक्ने फैसला हुने अनुमान गरिएको छ । नवलपुर अदालतको फैसलाविरुद्ध शाहले उच्च अदालत पोखरामा पुनरावेदन दिइसकेका छन् । आगामी फागुनमा पल शाहले जेल जीवन विताएको एक वर्ष पुग्दैछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।

www.sajhakuranews.com

# थाहाको वित्तिय प्रगति कमजोर, आर्थिक विकासमा २.७ प्रतिशत हासिल

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको वित्तिय प्रगति कमजोर देखिएको छ । विगतका वर्षमा बेरुजी फर्छ्यौटमा देशमै उत्कृष्ट बनिरहेको थाहा नगरपालिकाको पुस मसान्तसम्म वित्तिय प्रगति अपेक्षा गरेअनुसारको नरहेको पाइएको हो ।



नगरपालिकाले चालु आर्थिक वर्षको २० पुससम्म जम्मा २३ दशमलव ८८ प्रतिशत मात्र वित्तिय प्रगति हासिल गरेको छ । पालिकाको १२ औं नगरसभामा प्रस्तुत नीति कार्यक्रम एवम् बजेट समिक्षासहितको संशोधित बजेट वक्तव्यमा वित्तिय कमजोर रहेको पाइएको हो । नगर प्रमुख विष्णुबहादुर विष्टको अध्यक्षतामा भएको नगर सभामासभाका उपाध्यक्ष तथा नगर उपप्रमुख भरत गोपालीले आर्थिक वर्ष २०७९/०८० को नीति कार्यक्रम एवम् बजेट समिक्षा सहितको संशोधित बजेट वक्तव्य पेश गरेका थिए । कुन वित्तिय प्रगतिमा चालु खर्च ३५ दशलवम ९ र पुँजीगत खर्च १४ दशमलव ९३ प्रतिशत रहेको छ ।

चालु आर्थिक वर्षको हालसम्मको अवधिमा संघीय सर कारमार्फत आयतर्फ समानीकरण अनुदान तर्फ ७ करोड ८ लाख ८३ हजार ३ सय ३३, सशर्त अनुदान चालु १४ करोड ३० लाख ५० हजार, विशेष अनुदान पुँजीगत ३३ लाख ३३ हजार ३ सय ३३ र समपुरक अनुदान पुँजीगत २६ लाख ६६ हजार ६ सय ६६ रुपियाँ प्राप्त भएको छ । बागमती प्रदेश सरकारबाट समानीकरण अनुदान प्राप्त गर्न सकेको छैन ।

सशर्त अनुदान चालु ६० लाख ६० हजार, विशेष अनुदान १८ लाख ७५ हजार, समपुरक अनुदान ७४ लाख ११ हजार २ सय ५० र राजश्व बाँडफाँड तर्फ संघ र प्रदेश सरकारबाट ४ करोड ५४ लाख ६५ हजार तथा आन्तरिक स्रोत राजश्व शुल्क गतवर्षको बैंक मौज्दात अल्या समेत गरी २८ करोड ५७ लाख १ हजार ६ सय १८ अर्थात चालु आर्थिक वर्षको अनुमानित आयको ४८ प्रतिशत आम्दानी गरेको छ ।

त्यसैगरी खर्चतर्फ कार्यलय संचालन तथा प्रशासनिक क्षेत्रतर्फ हालको अवधिसम्म ५ करोड २३ लाख ५७ हजार अर्थात ४६ दशलव ४२ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ ६४ लाख ४० हजार ३ सय २ अर्थात १० दशमलव १९ प्रतिशत, पूर्वाधार विकास क्षेत्रतर्फ ९ करोड ४० लाख ३९ हजार २ सय ८६ अर्थात १८ दशमलव १८ प्रतिशत, सामाजिक विकास क्षेत्र तर्फ १२ करोड ४२ लाख ६८ हजार १ सय ७७ अर्थात ३० दशमलव २२ प्रतिशत र आर्थिक विकास क्षेत्रतर्फ २३ लाख ६६ हजार ४ सय ६९ अर्थात २ दशमलव७ प्रतिशत समेत गरी कुल २७ करोड ९४ लाख ७१ हजार २ सय ४९ अर्थात २३ दशमलव ८८ प्रतिशत खर्च भइसकेको अवस्था रहेको छ । जसमा चालु खर्च ३५ दशमलव ९ र पुँजीगत खर्च १४ दशमलव ९३ प्रतिशत खर्च भएको छ ।

थाहा नगरपालिकाको विभिन्न पाँच विषय क्षेत्र मध्ये सबैभन्दा बढि प्रगती सामाजिक विकासमा ३० दशमलव २२ र सबैभन्दा कमजोर आर्थिक विकास २ दशमलव ७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/०८० को लागि कुल बजेट १ अर्ब १७ करोड २ लाख १२ हजार ८ सय ६२ रुपियाँ विनियोजन गरिएको छ ।यसैबीच थाहानगरले १२ औं नगरसभामा चालु आर्थिक वर्षको साउनबाट हालसम्म संचालन भएको कार्यक्रमहरुको समिक्षा गरेको छ । पालिकाको विभिन्न ५ विषय क्षेत्रमा ९५ बुँदामा समिक्षा गरिएको छ । समिक्षाले आगामि योजना कार्यान्वयनमा बल मिल्ने जनाइएको छ । तर समग्रमा भने पालिकाको प्रगति कमजोर रहेको छ ।

**पाँच कर्मचारी पुरस्कृत**

१२ औं नगरसभाको अबसरमा थाहा नगरपालिकाले उत्कृष्ट कार्य सम्पादन गर्ने पाँच जना कर्मचारीहरुलाई सम्मान गरेको छ ।

नगरपालिकाका पुरुष कर्मचाहरुमध्येबाट प्रशासन शाखा अधिकृत छैठौं उमेश श्रेष्ठ, महिलातर्फ महिला तथा बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तान, वडा सचिवहरुमध्येबाट वडा नम्बर १ की वडा सचिव अनु रुपाखेती, स्वास्थ्य सेवातर्फ बज्रवाराही स्वास्थ्य चौकीकी अनमी सितामाया जिरेल र कार्यालय सहयोगीहरु मध्येबाट वडा नम्बर २ का विन्दुकुमार श्रेष्ठलाई सम्मान प्रदान गरिएको छ ।

सम्मानित सबैलाई नगर प्रमुख विष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली तथा प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरेले सम्मान पत्र प्रदान गरे थिए । थाहानगरले वर्षेनी कर्मचारीहरुको मूल्यांकन गर्दै पुरस्कृत गर्ने गरेको छ ।

# चैनपुर जेसीजका सदस्यहरुलाई संसदीय अभ्याससम्बन्धी तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/चैनपुर जेसीजले आफ्ना सदस्यहरुलाई संसदीय अभ्याससम्बन्धी तालिम दिएको छ ।

जेसिजले शनिबार आफ्ना सदस्यहरुलाई संसदीय अभ्याससम्बन्धी तालिम दिएको हो । कार्यक्रम संयोजक सुरेश गौतमको संयोजकत्व एवम् जेसीजका अध्यक्ष गणेशदर्पण अधिकारीको अध्यक्षता तथा नेपाल जेसीज बर्ष सन् २०२३ का उपाध्यक्ष एवम् बसामाडी जेसीजका पूर्व अध्यक्ष सरोज अधिकारीको प्रमुख आतिथ्यतामा तालिम भएको हो ।

प्रमुख अतिथि अधिकारीले नयाँ शाखाहरुलाई डोर्‍याउँदै विभिन्न तालिम तथा कार्यक्रममा सहयोग गरिने प्रतिबद्धता जनाए । तालिममा नेपाल जेसीजका पूर्व कार्यकारिणी उपाध्यक्ष एवम् जेसीआई हेटौंडाका पूर्व अध्यक्ष अरुणकुमार दाहालले सहजीकरण गरेका थिए ।




तालिमको उद्घाटनमा नेपाल जेसीजका पूर्व कार्यकारिणी उपाध्यक्ष अञ्जनीकुमार पराजुली, नेपाल जेसीजका पूर्व उपाध्यक्ष दीपेन्द्रकुमार बर्तौला, जेसीआई हेटौंडाका पूर्व अध्यक्षद्वय काव्यमणि अधिकारी र कविन सांगामी, बस्तीपुर जेसीजका पूर्व अध्यक्षद्वय सुनिल अधिकारी र जयराम सुवेदी, सल्लाहकार ज्योतिराज लुईंटेल, विदुर थापा लगायतको आतिथ्यता थियो ।

अध्यक्ष अधिकारीले नयाँ स्थानमा जेसीजको शाखा सुरु गरिएको जानकारी दिँदै सबै युवाहरुलाई समेटेर अघि बढ्ने प्रतिबद्धता जनाए । तालिमको माध्यमबाट युवाहरुको नेतृत्व र व्यक्तित्व विकाससँगै सामाजिक कार्यलाई समेत अघि बढाउने उनको भनाई थियो ।

# शिवम् सिमेन्ट्सले शेयर धनीहरुलाई लाभांश वितरण गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/शिवम् सिमेन्ट्स लिमिटेडले आफ्ना शेयर धनीहरुलाई १०.५३ प्रतिशतका दरले (कर सहित) नगद लाभांश वितरण गर्ने भएको छ ।




शुक्रबार भएको सातौं वीर्षक साधारण सभाले आफ्ना शेयरधनीहरुलाई १०.५३ प्रतिशतका दरले (कर सहित) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो । कम्पनीका कार्यकारी अध्यक्ष सुरेन्द्र कुमार गोयलको अध्यक्षतामा बसेको उक्त वार्षिक साधारण सभामा आ.व. २०७८/०७९ को मुनाफाबाट नगद लाभांश वितरण गर्ने प्रस्तावसहितका प्रस्तावहरु पारित गर्दै बार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

सभाबाट आगामी ४ बर्षे कार्यकालका लागि रोहित गुप्ता, गौरव गोयल, रघुनन्दन मारु, गौरव शारडा र शैलजा राई गरी जम्मा ५ जना सञ्चालकहरु निर्वाचित गरेकोमा सभास्थलमा बसेको नवनिर्वाचित सञ्चालकको बैठकबाट सञ्चालक गौरव गोयललाई समितिको अध्यक्ष पदमा चयन गरेको छ ।

सभाबाट संचालक समितिले नियुक्तीका लागि निर्णय गरी अनुमोदनका लागि सिफारिस गरे बमोजिम नेपाल सरकारका पूर्वसचिव समेत रहेका चन्द्रकुमार घिमिरेलाई स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक पदमा नियुक्तीको अनुमोदन समेत गरी ६ सदस्यीय संचालक समिति गठन गरेको छ ।

# अग्रगती बचतको अध्यक्षमा विकेशलाल श्रेष्ठ



साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/ अग्रगती बचत तथा ऋण सहकारी संस्था लिमिटेड हेटौंडाको अध्यक्षमा विकेशलाल श्रेष्ठ चयन भएका छन् ।

संस्थाको शनिबार भएको दशौं वार्षिक साधारणसभाबाट श्रेष्ठ सर्वसम्मत रुपमा अध्यक्ष चयन भएका हुन् । संस्थाको उपाध्यक्षमा दिनेश अर्याल, सचिव पवित्रा दहाल, कोषाध्यक्ष प्रल्हाद मिश्र तथा सदस्यमा मिनु अग्रवाल, राजाराम कार्की, सुवास विडारी, कमला श्रेष्ठ तथा पुरुषोत्तम पौडेल सर्वसम्मत चयन भएका छन् ।

भेलाले लेखा समिति संयोजकमा दीपक खत्री तथा सदस्यमा सन्तोष देवकोटा र रमा तिवारी चयन भएका छन् । भेलाले निवर्तमान अध्यक्ष निलम वैद्यलाई संरक्षक चयन गरेको छ ।

वैद्यको सभाध्यक्षतामा भएको साधारणसभामा जिल्ला वचत तथा ऋण सहकारी संघ सचिव वीरेन्द्रप्रसाद ढुंगाना, दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था अध्यक्ष गणेश लामा तथा हेटौंडा उपमहानगरपालिका सहकारी महाशाखा प्रमुख हिमप्रसाद पौडेल लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# भिमफेदी-कुलेखानी सडकखण्ड निर्माण छिटो सक्न पहल

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले हेटौडाबाट भिमफेदी-कुलेखानी सडकखण्ड निर्माणको काम छिटै सक्न पहल थालेका छन् ।

मुख्यमन्त्री जम्मकट्टेलले उक्त सडकखण्ड निर्माण कार्य छिटो सम्पन्न गर्न सरोकारवाहरुसँग छलफल गर्दै पहल गरेका हुन् । हाल सो सडकखण्ड विस्तारको काम प्रदेश सरकारको लगानीमा भइरहेको छ । सडक विस्तार तथा निर्माणको काम छिटो सक्नका लागि स्थानीय बासिन्दाहरुले प्रदेश सरकारलाई बारम्बार दवाव समेत दिदैं आएका छन् । बागमती प्रदेश सरकारको मुख्यमन्त्रीमा नियुक्त भएसँगै जम्कटेलले भिमफेदी-कुलेखानी सडकखण्ड विस्तारमा देखिएको समस्या समाधान गर्न प्रदेश सांसद कुमारी मुक्तान, भिमफेदी गाऊँपालिका अध्यक्ष हिदम लामा, उपाध्यक्ष सञ्जिव श्रेष्ठ र वडा नम्बर-४ का अध्यक्ष सागर पाण्डेसँग छलफल गरेका छन् ।

मुख्यमन्त्री निवास हेटौंडामा भएको भेटघाटमा बाटोको कारण यात्रुहरुले भोग्नु परेको समस्या छिट्टै समाधान गर्न द्रुत गतिमा काम गर्ने छलफल भएको थियो । केहि समयलाई सवारी आवागमन रोकेर भएपनि सडक विस्तार गरिने मुख्यमन्त्री जम्कटेलले बताएका थिए ।

# न्युरेनी सामुदायिक वनको ३२ औं साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/न्युरेनी चिसापानी सामुदायिक वन उपभोक्ता समुहको ३२ औं वार्षिक साधारणसभा भएको छ ।

हेटौंडा-७ मा रहेको समुहका अध्यक्ष ज्ञान बहादुर क्षेत्रीको सभाध्यक्षता तथा हेटौंडा-७ का वडाअध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्यतामा शनिबार ३२ औं वार्षिक साधारणसभा भएको हो ।

३२ औं वार्षिक साधारण सभामा समुहकी सचिव शान्ती तिमल्सिनाले समुहले गरेका गतिविधि सहितको प्रगती प्रतिवेदन, कोषाध्यक्ष विजय गौतमले समुहको आर्थिक प्रतिवेदन र आर्थिक वर्ष २०७९/८० का लागि १० लाख ७१ हजार बराबरको प्रस्तावित आयव्यय प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासै मकवानपुर अध्यक्ष साधुराम चौलागाईं, अस्मिता नेपाल मकवानपुरकी आरती पाठक, सव डिभिजन वन कार्यालय रातोमाटेका प्रमुख रामचन्द्र श्रेष्ठ, रानी सामुदायिक वन उपभोक्ता समूह उपाध्यक्ष केशव धिताल, पशुपति मन्दिर संरक्षण समिति अध्यक्ष कृष्ण प्रसाद घिमिरे, वन समूहका उपाध्यक्ष रामचन्द्र अधिकारी लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा जनकल्याण बचत तथा ऋण सहकारी उपाध्याय श्यामप्रसाद भट्टराई, संगालो टोल विकास संस्थाका अध्यक्ष वेद प्रसाद भट्टराई,महालक्ष्मी कृषि सहकारी संस्थाका अध्यक्ष दिलीप घिमिरे, वन समूहका सल्लाहकार बद्री पाठक, परशुराम थापा लगायतको उपस्थिती रहेको थियो ।

७१ दशमलव १२ हेक्टर क्षेत्रमा फैलिएको वन समुहमा कुल २ सय ७७ सदस्य घरधुरी रहेको समूहका कोषाध्यक्ष विजय गौतमले बताएका छन् ।

# माघे संक्रान्तिमा प्रदेश प्रमुखको शुभकामना

साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/ बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्माले आज मनाइदैं गरेको माघे संक्रान्तिका अवसरमा शुभकामना व्यक्त गरेका छन् ।

प्रदेश प्रमुख शर्माले प्रेस विज्ञप्ती जारि गर्दै माघे संक्रान्तिका अवसरमा शुभकामना व्यक्त गरेका हुन् । सूर्य धनु राशीबाट मकर राशीमा प्रवेश गर्ने दिनलाई मकर संक्रान्ति वा माघी पर्वका रुपमा मनाइने गरिएकाले यसको आफ्नै विशेषता र सांस्कृतिक महत्व रहेको उनले उल्लेख गरेका छन् ।

नेपालमा मनाइँने सबै पर्व राष्ट्रिय पर्व भएको उल्लेख गर्दै शर्माले यस्ता पर्वले नेपालीहरुलाई एउटै सुत्रमा बाँध्ने काम गरेको बताएका छन् । 'भौगोलिक, जातीय र सांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो देश नेपालमा सबै समुदायले मनाउने चाडपर्वहरु राष्ट्रिय पर्व हुन् ।'

प्रमुखको शुभकामना सन्देशमा भनिएको छ,'हाम्रा पर्वहरुले हामी नेपालीलाई सहिष्णुतापूर्वक एउटै सुत्रमा बाँध्ने काम गरेको छ ।' माघी पर्वले एक आपसमा सद्भाव, सहिष्णुता र प्रगाढ पारस्परिक सम्बन्ध अभिवृद्धि गराउन थप मदत पुग्नेछ भन्ने विश्वास पनि प्रमुख शर्माले व्यक्त गरेका छन् ।

# शिक्षक भलिबल प्रतियोगिताको उपाधि जिएसलाई




साझाकुरा संवाददाता

हेटौंडा, ३० पुस/ जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिताको उपाधि जिएस निकेतनले उचालेको छ ।

शनिबार भएको फाइनल खेलमा बकैया गाउँपालिकाको महेन्द्र माविलाई ३-० सेटले पराजित गर्दै जिएस निकेतनले उपाधि उचालेको हो । महेन्द्र मावि २५-१३, २६-२४, र २५-२० को सेटले पराजित भयो । जितसँगै जीएसले नगद २५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ ।

यस्तै उपविजेता बनेको महेन्द्र माविले नगद १५ हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगिताको उत्कृष्ट खेलाडी जीएसका अमृत मिश्र घोषित भए । उनले नगद ३ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे ।

प्रतियोगिताको उत्कृष्ट सेटर जीएसका बिनोद श्रेष्ठ र उत्कृष्ट स्पाइकर महेन्द्र माविका विवेक बोलखे घोषित भए । श्रेष्ठ र बोलखेले नगद २/२ हजार रुपैयाँ प्राप्त गरे । प्रतियोगितामा जिल्लाका सरकारी र निजी गरी २६ वटा विद्यालयको सहभागिता रहेको थियो ।

मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजना तथा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाको प्रायोजनमा हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा प्रतियोगिता भएको हो । मदन भण्डारी स्पोर्टस एकेडेमी विद्यालय खेलकुद शिक्षक संघ मकवानपुरका अध्यक्ष राजाराम पोखरेलको संयोजकत्वमा प्रतियोगिता भएको थियो ।

'भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार'

२५ औं भूकम्प सूरक्षा दिवस
२ माघ २०७९

- 'उपमहानगरपालिकद्वारा जारी गरिएको मापदण्ड पालना गरौं र नक्सा पास गरी भवन निर्माण गर्ने बानी बसालौं।'
- 'भूकम्पले मान्छे मार्दैन, मान्छेले नै निर्माण गरेको संरचनाले मार्न सक्छ, त्यसैले भुकम्पीय सुरक्षित भवन निर्माण गरौं, आफ्नो धन जनलाई सुरक्षित गरौं।'

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।
कार्यरत विशेषज्ञ डाक्टरहरु :
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।
हेटौंडा मोडेल अस्पताल
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा
अब प्रत्येक दिन
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा २४ सै घण्टा
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
हेटौडा सिटी हस्पिटलमा
तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।
थप जानकारीको लागि
हेटौडा सिटी हस्पिटल प्रा.लि.
हेटौडा उपमहानगरपालिका-१
फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना